REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 15.04.2024

<u>इलेक्सन क्याम्पेङ</u>

राज्यमा लोकसभाको एउटा सीट र विधान सभाका बत्तीस सीटहरूको चुनाउका लागि प्रचार अभियान द्रुत गतिमा भइरहेछ।

राजनीतिक पार्टीहरूका प्रमुख नेताहरूले जनसभा तथा र्याली आयोजन गरिरहेछन्।सत्तारूढ़ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएए, विपक्षी सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ, भारतीय जनता पार्टी, बीजेपी , काँग्रेस र नवगठित सिटिजन एक्शन पार्टी, सिक्किमले राज्यभरिका मतदाताहरूको समर्थन प्राप्त गर्ने प्रयास गरिरहेछन्।

मतदान अब तीन दिनपछि शुक्रवार उन्नाइस अप्रेलका दिन हुनेछ।

सिक्किम क्रान्तिकारी मोर्चा प्राटीले चुनाउ प्रचार कार्यक्रम आज जोरथाङ खेल मैदानमा सम्पन्न भयो।

राज्य स्तरीय जन समर्थन महासभामा विभिन्न संस्था संगठन, स्वयं लहायता समूहका सदस्यहरू र पार्टी कार्यकर्ता तथा समर्थकहरूको पस्थित थिए।

जनसभालाई मुख्य अतिथिको रूप सम्बोधन गर्दै पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङले चुनाउ जितेर पुनः सत्तामा आएको खण्डमा वर्षौंदेखि थाँतीमा रहेका राज्यका मांगहरू पूरा गर्ने घोषणा गर्नुभयो।

उहाँले 2026 सालको सीमाङ्कनपछि लिम्बु तामङ समुदायका लागि राज्य विधानसभामा सीट आरक्षणको व्यवस्था मिलाउने र छुटेका बाह्र जात गोष्ठीलाई जनजातिको मान्यता दिलाएर सिक्किम राज्यलाई नै जनजाति राज्य बनाउने घोषणा गर्नुभयो।

विगत पाँच वर्षको कार्यकालमा एसकेएम पार्टीको सरकारद्वारा राज्य र राज्यवासीहरूको हितमा विभिन्न कार्यहरूको उल्लेख गर्दै श्री तामङले आँउदा दिनहरूमा अझ धेरै जनपक्षीय तथा कल्याणकारी पहलहरू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

एसकेएम का अध्यक्षले जनतासित गरिएका पार्टीद्वारा कामहरूलाई हेरेर पार्टीको पक्षमा मतदान गर्ने अपील गर्नुभयो।

आफ्नो वक्तव्यमा पार्टीका लोकसभा उम्मेदवार श्री इन्द्रहाङ सुब्बाले सिक्किमको विकास र हितलाई सर्वोपरि राखेर काम गर्ने वचनवद्धता व्यक्त गर्नुभयो।

यस अवसरमा धेरै संख्यामा मानिसहरू एसकेएम पार्टीमा सामेल भए।

अर्कातिर सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ को तुमिन लिंगि समष्टि अन्तर्गत माखामा आज आयोजित चुनावी सभामा बोल्दै पार्टी अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले एसडिएफ पार्टीले सत्ता सम्हालेको खण्डमा तुमिन लिंगिमा रामायण भिलेज निर्माण गरेर क्षेत्रलाई विश्व पर्यटनसित जोड़ने र अन्य परियोजनाहरू पनि शुरू गर्ने घोषणा गर्नुभयो।
पछि खाम्दोङ सिङताम निर्वाचन क्षेत्र अन्तर्गत सिङताममा जनतालाई सम्बोधन गर्दै श्री चामलिङले भन्नुभयो टिस्टाको बाढ़ीले पुर्याएको क्षतिको क्षतिपूरण दिइनेछ।
जनसभालाई विधानसभा र लोकसभा चुनाउमा एसडिएफ का प्रत्याशीहरू श्री नोर्जाङ लेप्चा, डा मणिकुमार शर्मा र श्री पी डी राईले पनि सम्वोधन गरे।

<u>पोस्टल बेल्लट भोटिङ गान्तोक</u>

चुनाउ ड्यूटीमा खटिने सरकारी कर्मचारीहरूले मतदान गर्ने एउटा प्रक्रिया डाक मतपत्र मतदान अर्थात् पोस्टल बेल्लट भोटिङ गान्तोक जिल्लामा आज सम्पन्न भयो।

जिल्लाका तीनैवटा सुविधा केन्द्रहरू DIET कालेज बुर्तुक, जिएमसी फुटसल परिसर देवराली र पाल्जोर स्टेडियममा मतदान कर्मीहरू, जिल्ला पुलिस, आवश्यक सेवाका पहिले अनुपस्थित रहने मतदाताहरू तथा अन्य अधिकृत र सिक्किम सशस्त्र पुलिल एसएपी का जवानहरूले डाक मतपत्र मतदान गरे।

<u>पोस्टल बेल्लट सोरेङ</u>

सोरेङ स्थित बी एड कालेजमा अवस्थित सुविधा केन्द्रमा पनि आज सरकारी कर्मचारीहरूले आफ्नो मताधिकारको प्रयोग गरे।
साँझ पाँचबजीसम्म चलेको प्रक्रियामा फर्म 12 भरेर बुझाउने छुटेका मतदाताहरूले भोट हाले ।
होम भोटिङ पाक्योङ
पाकिम जिल्लामा गृह मतदान अर्थात् होम भोटिङको दोस्रो चरणको तेस्रो दिन आज पनि पचासी वर्ष र यसभन्दा बढी उमेरका वरिष्ठ नागरिकहरू अनि दिब्याङ्ग व्यक्तिहरूले मतदान गरे।
जिल्लामा होम भोटिङको दोस्रो चरण भोलि समाप्त हुनेछ।

जी ओ नाम्ची

नाम्चीका आम पर्यावेक्षक श्री अमरनाथ उपाध्यायले आज पोकलोक कामराङ समष्टि अधिनका तीनवाटा मतदान केन्द्रहरू तिङरिथाङ निम्न माध्यमिक पाठशाला, ओम्चु उच्चतर माध्यमिक विद्यालय र चुम्लोक उच्चतर माध्यमिक पाठशालाको भ्रमण गर्नुभयो।

आम चुनावका लागि यी मतदान केन्द्रहरूका तयारीको जाँच गर्ने उद्देश्यले गरिएको भ्रमणका बेला उहाँले मतदाताहरूसित कुराकानी गर्दै कानुन औ व्यवस्थाको स्थिति र आदर्श आचार संहिता उचित रूपमा पालन भए नभएको विषयवारे जानकारी लिनुभयो।

श्री पाध्यायले नागरिकहरूलाई प्रजातान्त्रिक सरकारमा नागरिकहरूको अधिकारबारे अवगत गराउनुभयो र उनीहरूसित विवेसपूर्ण ढंगले मताधिकारको प्रयोग गर्ने आग्रह गर्नुभयो।

यसैवीच उच्च शीक्षा निदेशक श्री भीम ठटालले अन्य अधिकारीहरूसित मतदान तयारीको जाँच गर्न कामराङ कालेजको भ्रमण गर्नुभयो।

त्यसपछि उहाँले नाम्चीकी जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्रीमती अन्नपूर्ण आलेसित भेट गरी शिक्षा विभागद्वारा व्यवस्थापन गर्नुपर्ने विषयहरूबारे विचार विमर्श गर्नुभयो।

वील्स अफ डेमोक्रेसी

मुख्य निर्वाचन अधिकारी सिक्किम कार्यालयले मतदाता शिक्षा तथा मतदाता जागरूकता सम्वन्धमा एउटा निजी एफएम च्यानलसित मिलेर वील्स अफ डेमोक्रेसी कार्यक्रम आयोजन गरिरहेछ।

यसमा सिक्किमका महत्वपूर्ण स्थानहरूमा पुगेर नागरिकहरूलाई मतदान गर्न प्रोत्साहित गरियो। प्राप्त प्रेस विज्ञप्ती अनुसार पाँच अप्रेलका दिन फुदुङ र मंगन बजारमा अभियान पूरा गरेपछि छ अप्रेलमा सिङताम र रम्फ, आठ तारीक नाम्थाङ, नौ अप्रेलमा राभङला, गेजिर र लेक्सेप हुँदै दस तारीक जोरथाङ, नाम्ची र पाकिम, वाह्र तारीक रिनाक र गत शनिवार तेह्र अप्रेलका दिन गान्तोकको एम. जी मार्गमा यो समाप्त भयो।